तिलागुफा नगरपालिका

तिलागुफा नगर कार्यपालिकाको कार्यालय
कालिकोट जिल्ला, कर्णाली प्रदेश

मिति : ०७६।०८।१५

**मिति ०७६।०८।१३–१५ मा बसेको नगर कार्यपालिका बैठकका निर्णयहरु**

**निर्णय नं.६४ : नगरपालिकाको कर्मचारी दरवन्दी संगठन संरचनालाई अन्तिम रुप दिई नगरसभामा पेश गर्ने :** प्रभावकारी सेवा प्रवाहका लागि संलग्न तिलागुफाको संगठन संरचना र दरबन्दी चार्ट स्वीकृत गराई सो अनुसार कर्मचारी व्यवस्थापन गर्न भएकाले आगामी सातौ नगरसभामा स्वीकृतिका लागि पेश गर्ने ।

**निर्णय नं.६५ : पुरक बजेटमा थपघट गर्नु पर्ने विषयहरु टुग्याई सभामा पेश गर्न स्वीकृति दिने :** संलग्न अनुसुचि बमोजिम आ.व.०७६।७७ मा संसोधन, परिमार्जन र थप गरी तयार गरिएको पुरक बजेट २०७६ स्वीकृतिका लागि सभामा पेश गर्ने ।

**निर्णय नं.६६ : प्रधानमन्त्री रोजगार कार्यक्रमलाई प्रभावकारी कार्यान्वयन गर्न रणनीति प्रदान गर्ने :** २८६२ जना नागरिकहरु वेरोजगारी देखिएको सुचि सार्वजनिक भएको सन्दर्भमा योजना छनौट गर्दा ढुंगाको प्रयोग बढी हुने जस्तै गोरेटो बाटो निर्माण, सडकको बेसमा ढुंगा सोलिंग, विद्यालय र सार्वजनिक जग्गाको कम्पाउण्ड घेरावार जस्ता आयोजनाहरुलाई प्राथमिकतामा राख्ने । तुरुन्त अनुमानित लागत निकाल्नु पर्ने भएकाले सर्वे र डिजाइन गरी इष्टिमेट तयार गर्न उपलब्ध प्राविधिकहरुलाई मासिक ज्यालादारीमा खटाई काम गराउन सकिने ।

**निर्णय नं.६७ : कार्यालय समान, छपाई लगायत विषयमा भएको खरिद प्रकृया रद्ध गर्ने : बोलपत्र मूल्यांकन** समितिको प्रतिवेदन अनुसार ठेक्का नं.३ र ४ खरिद प्रकृयाहरु प्रतिस्पर्धात्मक नभई मिलेमतोको आशंका देखिएकाले रद्ध गरी अब उप्रान्त मिलेमतोलाई निरुत्साहन गर्न पूर्ण इविडिंग प्रकृया अपनाई खरिद गर्न निर्देशन दिने ।

**निर्णय नं.६८ : वडा नं. ८ को दुर्घटनामा परेको मोटरसाइकल मर्मतको रकम विमाबाट सोभ लिने गरी हाल खर्च लेख्ने :** वडा नं. ८ को वडाध्यक्षले चलाउने गरेको सरकारी मोटरवाइक गत साल दुर्घटनाग्रस्त भै विमा कम्पनीको सूचिमा रहेको सुर्खेतको डनिस अटोसप एण्ड सप्लायर्समा मर्मत भएकोमा सो मर्मत खर्च मध्ये निश्चित प्रतिशत रकम विमा कम्पनीले नगरपालिकाको खातामा उपलब्ध गराउने प्रावधान रहेकोले हाल वर्कसपको विल बमोजिमको मर्मत रकम रु. ११२७५०।००.नगरपालिकाबाट उपलब्ध गराई विमासँग सोधभर्ना प्रकृया अघि बढाउने तथा विमाबाट नपुग भएको रकम नगरपालिकाका तर्फबाट व्यहोर्ने व्यवस्था मिलाउने ।

**निर्णय नं.६९ : लक्ष्यित कार्यक्रमका लागि बस्तुगत सहयोगका सामग्रीहरुको खरिद प्रकृया शुरु गरिहाल्ने** : लक्ष्यित कार्यक्रमको लागि वडाबाट छनौट कार्य अन्तिम चरणमा पुगि सुचि प्राप्त हुन लागेकाले खरिद गर्नु पर्ने सामानहरु जस्तै जस्तापाता, रेनकोट, सोलार वत्ती, थ्रेसर मेसिन  जस्ता सामग्रीहरु खरिद गर्न प्रकृया अघि बढाउन निर्देशन दिने ।

**निर्णय नं.७० : लोकसेवा आयोगबाट सिफारिस भै आउने कर्मचारीलाई नियुक्ति दिने सम्वन्धमा :** नगरपालिकाको माग बमोजिम लोकसेवा आयोगबाट विज्ञापन भै छनौट कार्य चलिरहेका उम्मेदारहरु सिफारिस लिई आएमा नगरपालिकाबाट नियुक्ति पत्र दिई हाजिर हुने व्यवस्था मिलाउन निर्देशन दिने ।

**निर्णय नं.७१ : राजस्व रकम दाखिला नगर्ने कर्मचारीहरुको तलब रोक्का गर्ने सम्वन्धमा :** नगरपालिकाबाट राजस्वको रसिद बुझि राजस्व असुली गर्ने तर नियमानुसार राजस्व रकम बैंक दाखिला नगर्ने कर्मचारीहरुको तलब रोक्का गरी राजस्व रकम बैंक दाखिला गरी भौचर पेश गरि पछि मात्र तलब भुक्तानी गर्ने व्यवस्था मिलाई कार्यपालिकालाई जानकारी गराउन निर्देशन दिने ।

**निर्णय नं.७२: ल्यापटप प्रयोग, हराएको र नयाँ खरिद सम्वन्धमा** :नगरपालिकाले समयसमयमा खरिद गरेका ल्यापटपहरु प्रभावकारी प्रयोग नभै थन्कीएका, हराएका भन्ने गुनासो आएको सम्वन्धमा कुन ल्यापटप कुन पदाधिकारी वा कर्मचारीसँग छ, प्रयोग भएको छ छैन यथार्थ विवरण तयारी गरी आगामी बैठकमा पेश गर्न लगाउने । हराएका भनिएका ल्यापटपहरु के कति कारण हराएका हुन् ? कुन पदाधिकारीले हराएको हो ? स्पष्ट प्रतिवेदन तयार गरी पेश गर्न निर्देशन दिने । साथै थप कर्मचारीहरु बहाल हुनेक्रम बढ्दै गएको र काम गर्न ल्यापटप अत्यावश्यक भएकाले गुणस्तरयुक्त ल्यापटपहरु आवश्यकता अनुसार खरिद गर्न प्रकिया अघि बढाउन निर्देशन दिने ।

**निर्णय नं.७३ : तारजाली र सिमेन्ट टेण्डरबाट खरिद गर्ने सम्वन्धमा :** प्रधानमन्त्री रोजगार कार्यक्रम, वडा स्तरीय कार्यक्रम तथा नगरस्तरीय आयोजनाहरुमा समेत आवश्यक पर्ने सिमेन्ट तथा तारजाली एकमुष्ट रुपमा टेण्डर गरी खरिद गर्न सकिएमा गुणस्तरयुक्त सामग्री सस्तोदरमा प्राप्त हुने र मूल्यमा एकरुपता कायम रहने तर्फ ध्यान दिई यसरी खरिद गर्न सकिने भएमा खरिद प्रकृया अघि बढाउन निर्देशन दिने ।

**निर्णय नं.७४ : प्रमुख प्रशासकीय अधिकृतको काज/विदा सम्वन्धमा** : प्रमुख प्रशासकीय अधिकृत उद्धबप्रसाद रिजाल नगरपालिकाको कामको सिलसिलामा काठमाण्डौ जानु हुने भएको र घरायसी कामको सिलसिलामा केही दिन विदामा बस्नु हुने भएकाले सो का लागि अनुमति दिने तथा निजका अनुपस्थितिमा निमित्त प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारी केही आर्थिक अधिकार प्र.म रोजगार कार्यक्रम हेर्ने अधिकृतलाई दिने प्रस्ताव अनुमोदन गर्ने ।

**निर्णय नं.७५ : द्धन्दपिडिति, शहीद परिवार, घाइतेलाई दशैंको अवसरमा सम्मान गर्दा भएको खर्च रकम अनुमोदन गर्ने :** वडादशैं २०७६ को अवसरमा नगरपालिका क्षेत्र भित्रका द्धन्दपिडित, शहीद, घाइते, अपांग खादा, टोपि लगाई सम्मान गर्दा लागेको खर्च रकम रु.एकलाखमा नबढाई भुक्तानीका लागि स्वीकृति प्रदान गर्ने भनी मिति ०७६।०७।२१ मा निर्णय नं.२८ मा निर्णय भएकोमा हाल वील कलेक्सन हुँदा रु.२३३८५१।०० खर्च देखिएकाले बाँकी रु.१३३८५१।०० रकम अनुमोदन गरी भुक्तानी गर्न स्वीकृति प्रदान गर्ने ।

**निर्णय नं.७६ : साझेदारी रकम व्यहोर्ने बारे :** खाद्य सुरक्षा सूचना प्रणाली व्यवस्थापन तथा कृषि खाद्य पोषण दीर्घकालीन योजना विकास योजना तर्जुमा गोष्टि गर्ने तथा सो का लागि साझेदारी गर्न आवश्यक पर्ने रकम रु १६५४००।०० नगरपालिकाबाट व्यहोर्ने ।

**निर्णय नं.७७ : रकम भुक्तानी गर्ने बारे :** २०७५।०९।०६ मा बालीघाटबाट वेवारिसे लास उठाइ जिल्ला अस्पताल पुर्‍याए वापत चर्तुभुज शाहीलाई रु.११५००।०० रकम भुक्तानी लेख्न स्वीकृति प्रदान गर्ने ।

**निर्णय नं.७८ : प्रहरी चौकी खर्च अनुमोदन बारे :** प्रहरी चौकी छाप्रे र बालीघाटको सिलिण्डर ८०००।०० र बाइक मर्मत ११२७५।०० र व्यानर ५००।०० गरी पेश भएको १९७७५।०० रकम अनुमोदन गरी भुक्तानी गर्न निर्देशन दिने ।

**निर्णय नं.७९ :समायोजनकाक्रममा सरुवा भै आएका कर्मचारीहरुलाई पारिवारिक दैभ्रम भुक्तानी सम्वन्धमा :** स्थानीय तहको दैनिक तथा भ्रमण भत्ता सम्वन्धी ऐन तथा नियमावली नवनेका कारण समायोजनका क्रममा सम्वन्धित् कार्यालयबाट पाउनु पर्ने सुविधा लिई हाजिर हुन आउनु पर्नेमा स्वास्थसेवाका कर्मचारीहरु सुविधा नपाएको व्यहोरा रमानापत्रमा लेखाई हाजिर हुन आएका र सोही आधारमा वार्षिक वजेटले नधान्ने गरी ठुलो मात्रामा दैभ्रभ दावि गरेकाले के कति दावि गरेको हो ? सो को विवरण आगामी बैठकमा पेश गर्न लगाई छलफल गर्ने ।

**निर्णय नं.८० : वर्थिंग सैन्टरको सामान खरिद खर्च भुक्तानी** : वडा नं. ५ को वर्थिंग सैन्टरका लागि सुर्खेत साइन्स एण्ड सर्जिकलबाट खरिद भएको रु. ५५९५१।०० बराबरको सामान सम्वन्धित् वर्थिंग सेन्टरलाई उपलब्ध गराई सो प्रमाण संलग्न गरेर खर्च लेख्न स्वीकृति प्रदान गर्ने ।

**निर्णय नं.८१ : तिलागुफा नगरपालिकाको वालिका संरक्षण कार्यविधि २०७६ पारित गर्ने**

**निर्णय नं.८२ : वडा नं. ३ को फोइमा सडकबोर्डबाट गरिएको कामको स्थलगत अनुगमन गर्न कार्यदल गठन गर्ने :** आ.व.०७५।७६ मा सडक बोर्डको रु. पाँचलाखको योजनाबाट काम सम्पन्न भएकोमा तोकिएको स्थान र लई बमोजिम काम भए नभएको एकीन गरी सिफारिस सहित प्रतिवेदन पेश गर्न देहाय बमोजिम एक समिति गठन गर्ने :

संयोजक : श्री खड्गराज शाही वडाध्यक्ष, वडा नं. ४
सदस्य : श्री मुनबहादुर थापा, वडाध्यक्ष, वडा नं. १०
सदस्य : सवइञ्जिनियर/इञ्जिनियर (संयोजकले तोक्ने)

निर्णय प्रमाणीकरण
उद्धबप्रसाद रिजाल
प्रमुख प्रशासकीय अधिकृत

निर्णय प्रमाणीकरण
रत्नबहादुर शाही
नगर प्रमुख